नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

## सामाजिक स्वास्थ्य सुरक्षा शाखा

पचली, टेकु

काठमाण्डौं, नेपाल

प.सं. : २०७६/७७ मिति: २०७६/१०/१६

च.नं. : ३२८

विषय: समन्वय गरिदिने सम्बन्धमा ।

श्री स्वास्थ्य कार्यालय,

७७ वटै जिल्ला ।

प्रस्तुत बिषयमा स्वास्थ्य क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिका महत्वपुर्ण रहेको व्यहोरा अवगत नै छ । उक्त म.सा.स्वा.स्व.से.हरु को संख्यामा परिवर्तन भए नभएको एकिन गरी आगामी आ.व.को योजना निर्माणका लागि प.सं. २०७६/०७७, च.नं १२५ र मिति २०७६ असोज २७ गते संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको विवरण पठाईदिने सम्बन्धमा भनी सम्पुर्ण स्थानीय तहहरुमा पत्राचार भइसकेको छ । सो सम्बन्धमा केहि स्थानीय तहहरु बाट प्राप्त भएकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सम्पुर्ण विवरण सम्बन्धित पालिकाहरु मार्फत यस महाशाखाको सामाजिक स्वास्थ्य सुरक्षा शाखामा उपलब्ध हुने गरी समन्वय गरी दिनुहुन विद्युतीय ढाँचा समेत यसै पत्र साथ संलग्न गरी पठाइएको छ ।

उक्त ढाँचा अनुसारको सम्पुर्ण विवरण विद्युतीय ढाँचामा भरी यस महाशाखाको इमेल ठेगाना: nursing2075@gmail.com मा प्राप्त हुने गरी समन्वय गरी दिनुहुन अनुरोध छ । आगामी बर्षको योजना तथा विभिन्न कार्यक्रमको लागि यथार्थ विवरणले हामी सबैलाई सहयोग पुग्ने कुरा विधितै छ । विवरण प्राप्त नभएमा यस महाशाखामा रहेको विवरणलाई आधारमानी आगामी आ.व.को योजना निर्माण हुने कुराको जानकारी गराउदै यस बाट पर्ने अप्ठ्यारो सबैले महसुस गरेकै बिषय भएकाले सहयोगका लागि अनुरोध छ ।

पुनश्च : प्राप्त विवरण जानकारीको लागि यसैसाथ पठाइएको छ ।

.....................
(चुडामणी भण्डारी)
प्रमुख
बरिष्ठ जनस्वास्थ्य प्रशासक
सामाजिक स्वास्थ्य सुरक्षा शाखा

बोधार्थ :
श्री प्रदेश स्वास्थ्य निर्देशनालय, सात वटै प्रदेश ।